## बैठकको निर्णयहरु

**क. देहायबमोजिमको कार्य गर्न जिल्ला दैवी प्रकोप उद्धार समितिलाई निर्देशन दिने ।**

१. भूकम्पका कारण जोखिमयुक्त बस्तीका बासिन्दालाई सुरक्षीत स्थानमा स्थानान्तरण गरी अस्थायी आवासको व्यवस्था गर्ने सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७२/०३/१५ को निर्णयबाट १५ दिन भीत्र स्थानान्तरण कार्य गरिसक्नुपर्नेमा हालसम्म सबै जिल्लाले उक्त कार्य सम्पन्न गरी नसकेकोले आगामी श्रावण ७ गते भीत्र सो कार्य सम्पन्न गरी ८ गतेसम्म कार्यसम्पन्न प्रतिवेदन मन्त्रालयमा पठाउने ।

२. हालसम्म स्थानान्तरण भैसकेका बस्तीका हकमा स्थानान्तरण भएको स्थान, परिवार संख्या, जनसंख्या र उक्त स्थानमा खानेपानी, स्वास्थ्य तथा सरसफाई, शिक्षा लगायतका न्यूनतम सेवा सुविधा भएनभएको समेत उल्लेख गरी विस्तृत विवरण २ दिन भीत्र पठाउने ।

३. यसरी बस्ती स्थानान्तरण गर्दा सकेसम्म पुरानै बस्तीको नजिक र जिविकोपार्जनको श्रोतमा वाधा नपर्ने गरी स्थान छनौट गर्ने व्यवस्था मिलाउने ।

४. अस्थायी टहरा निर्माणमा आवश्यक पाल त्रिपाल उपलब्ध गराउने । सम्बन्धित समुदायलाई समेत उक्त कार्यमा सहभागि गराउने । जस्तापाता आवश्यक पर्ने भएमा सोको श्रोत खोजी गर्ने । खरिद गर्नुपर्ने भएमा आवश्यक रकम माग गरी पठाउने ।

५. यसरी स्थानान्तरण भएको स्थान पुरानै बस्तीको आसपास भएमा र स्थानान्तरीत बासिन्दाको पूर्ववत जिविकोपार्जनको पेशामा बाधा नहुने अवस्थामा सरकारको तर्फबाट छुट्टै खाद्यान्नको व्यवस्था गर्नु नपर्ने । तर बस्ती स्थानान्तरणबाट उनीहरुको जिविकोपार्जनको लागि आम्दानीको स्रोत गुम्ने अवस्था भएमा बढीमा ३ महिनाका लागि न्यूनतम खाद्यान्नको व्यवस्था गर्ने । यसका लागि विश्व खाद्य कार्यक्रम; वा खाद्य संस्थानको खाद्यान्न वितरण गर्ने व्यवस्था मिलाउने । कामका लागि खाद्यान्न जस्ता विधिबाट जनतालाई रोजगारी उपलब्ध गराउने ।

६. यसरी सारिएको बस्तीमा आवश्यक खानेपानी, स्वास्थ्य तथा सरसफाई, शिक्षा, बाटोघाटो लगायतका न्यूनतम सेवा प्रवाहमा जिल्लास्थित सम्बद्ध कार्यालयलाई जिम्मेवार बनाउने । यस कार्यमा गैरसरकारी क्षेत्रको सहयोग आउन सक्ने भएमा सो समेत परिचालन गर्ने ।

७. यसरी बस्ती स्थानान्तरण गर्दा छुट्टै रकम आवश्यक पर्ने भएमा न्यूनतम रकम विस्तृतरुपमा उल्लेख गरी माग गर्ने ।